# अधिकृत बिक्रेता नियुक्तिका लागि सूचना

सूचना प्रकाशित मिति : २०८१ / ०९ /२३

नेपाल सरकारले नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ लिमिटेडलाई एक आपसमा गाभी नेपाल सरकारको खाद्य नीति कार्यान्वयन गर्ने लगायतका उद्देश्य राखी “खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड” स्थापना गरेको हो। यो कम्पनी खाद्यान्न लगायतका अत्यावश्यकीय उपभोग्य वस्तुको सहज र सुलभ आपूर्तिमा बजार निर्माताको भूमिका खेल्दै सक्षम व्यावसायिक संस्थाको रुपमा स्थापित भइरहेको छ। यसले राष्ट्रिय स्तरमा खाद्य आपूर्ति श्रृखला व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्नुका साथै प्रतिस्पर्धात्मक वातावरणमा गुणस्तरीय खाद्यान्न लगायतका अत्यावश्यकीय उपभोग्य वस्तु तथा सेवाको सहज र सुलभ आपूर्ति गरी नेपाली नागरिको खाद्य सम्प्रभुताको हक सुनिश्चित गर्नमा योगदान दिइरहेको छ।

खाद्य सुरक्षाको सुनिश्चिततामा योगदान गर्ने, किसानको उत्पादन र स्वदेशी उद्योगले प्रोत्साहन पाउने तथा उपभोक्ताले प्रतिस्पर्धी मूल्य एवं गुणस्तरका अत्यावश्यक वस्तु सहज र सुलभ रुपमा प्राप्त गर्न सक्ने गरी बजार निर्माताको भूमिका खेल्ने, उपलब्ध श्रोत साधनको अधिकतम उपयोग तथा व्यावसायिक क्रियाकलाप विस्तार र विविधीकरण गर्दै दिगो आय आर्जन गर्ने , अत्यावश्यक वस्तु तथा सेवाको माग र आपूर्तिका तथ्याङ्कीय आधार तयार गरी नीति निर्माण गर्न आवश्यक सहयोग पुर्‍याउने तथा कम्पनीलाई व्यवसाय—उन्मुख एवं उत्तरदायी बनाउने आदि यस कम्पनीका प्रमुख उद्देश्यहरु रहेका छन्।

यसै सन्दर्भमा यस कम्पनीबाट उपलब्ध हुने सम्पूर्ण सामग्रीहरुको अधिकृत बिक्रेतामार्फत बिक्री वितरण गराउने प्रयोजनका लागि अधिकृत बिक्रेताको नियुक्ति गर्न यो सूचना प्रकाशन गरिएको छ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको "अधिकृत बिक्रेता (डिलर) मार्फत खाद्यान्न बिक्री वितरण गर्ने निर्देशिका २०८१" को शर्त तथा व्यवस्था अनुसार कम्पनीबाट उपलब्ध हुने सामाग्रीको बिक्री वितरण गर्न इच्छुक व्यावसायिक फर्म, कम्पनी वा संस्थाहरुले अधिकृत बिक्रेता ाको नियुक्तिको लागि यस कार्यालयमा तपसिलका कागजात सहित सूचना प्रकाशन भएको ७दिन भित्र कम्पनीमा आइपुग्ने गरी तोकिएको ढाँचामा आवेदन दिनुपर्नेछ।

<u>तपसिल</u>

१. अधिकृत बिक्रेता हुन चाहने फर्म वा कम्पनी वा संस्थाहरूले फर्म, कम्पनी वा संस्था दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, गत आ. व. को करचुक्ता प्रमाणपत्र, यस आ. व. को कर विवरण दाखिला गर्ने

म्याद थपको प्रमाणपत्र, मदिरा, खाद्यवस्तु तथा अन्य वस्तुहरू वितरण गर्न अनुमति प्राप्त गरेको कागजातको छाँयाप्रति निवेदन साथ पेश गर्नु पर्नेछ।

२. बिक्री वितरणका लागि सामान लिनु पूर्व नियुक्त अधिकृत बिक्रेताले रकम अग्रीम भूक्तानी वा कम्तीमा ६ महिना म्याद भएको बैंक जमानत दाखिला गर्नुपर्नेछ। समयावधी भित्र भुक्तानी हुन नसकेको अवस्थामा बाँकी रहेको रकममा प्रति महिना १५% को दरले ब्याज लाग्नेछ। बैंक जमानत दाखिला गरेको अवस्थामा अधिकृत बिक्रेताले बैंक जमानतको म्यादभित्रै बाँकी रकम भुक्तानी गरी सक्नुपर्नेछ अन्यथा कम्पनीले जमानत पेश भएको बैंकमार्फत रकम असुलउपर गरी लिन सक्नेछ ।

३. खाद्यवस्तु वा अन्य वस्तु बिक्री सम्बन्धी प्रतिवेदन कम्पनीले माग गरेको ढाँचामा अधिकृत बिक्रेताले खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई त्रैमासिक रूपमा उपलब्ध गराउनु पर्नेछ।

४. नियुक्ति भएका डिलरले कम्पनीको खाद्यवस्तु अधिकतम विक्री मूल्यमा नबढ्ने गरी प्रतिस्पर्धी दररेटमा बिक्री गर्नु पर्नेछ। कम्पनीको गोदामदेखि अधिकृत बिक्रेताको गोदामसम्मको दुरी तथा ढुवानी सहजता समेतलाई ध्यानमा राखी कम्पनीले सामानको मूल्य तय गर्नेछ ।

५. खाद्यवस्तु बिक्री गरी दिए बापत अधिकृत बिक्रेताले प्राप्त गर्ने बिक्री कमिशन बजार र कम्पनीको अवस्था हेरी कम्पनीले समय समयमा निर्धारण गरेबमोजिम हुनेछ र यससम्बन्धी सम्पूर्ण अधिकार कम्पनी व्यवस्थापनमा निहित रहनेछ ।

नोटः अधिकृत बिक्रेता (डिलरसिप) नियुक्तिसम्बन्धी निर्देशिका २०८१ बमोजिमको आवेदन को नमुना कम्पनीको वेवसाइट www.fmtc.org.np बाट डाउनलोड गर्न सकिनेछ।